र.क.द.नं. जि.प्र.का.द.नं. ४/२०५९/०६० दर्ता मिति: २०५९/०९/१७

# ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल

अर्घाखाँची - सन्धिखर्क

२०५९

# RURAL COMMUNITY HEALTH DEVELOPMENT CENTER - NEPAL

Sandhikharka - Arghakhanchi

2003

पो.ब.नं.-

मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना

## कार्यक्रममा सहभागी हुनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२।०५।२०

यस परियोजनाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्म सञ्चालनका लागि मालारानी गाउँपालिका भित्र यस मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना दोस्रो चरण अर्न्तगत गठन भएका समुहमा आवद्ध सदस्हरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८२।०५।२६) भित्र तोकिएको ढाँचामा आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | न्युनतम मापदण्ड | अनुदानको सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | सुधारिएको बाखाको खोर निर्माणमा अनुदान<br>संख्या-३० वटा | • कम्तीमा ३ माऊ बाखा पालनबाट व्यवसाय शुरुवात गरेको हुनुपर्नेछ । | • बजेटको परिधि भित्र रहि प्राविधिक मूल्यांकनका आधारमा कुल लागतको ५० प्रतिशत वा प्रति बर्गमिटर रु ४०००। का दरले हुन आउने रकम मध्ये जुन कम हुन्छ सोहि बराबरको रकममा नियम बमोजिम कर कट्टी गरी भुक्तानी गरिने । | • दोस्रो चरणको परियोजना अर्न्तगत गठन भएको बाखा पालन उद्यमी महिला समुह, |
| २ | कृषि सामाग्री: प्लास्टिक टनेल र टनेल भित्र आवश्यक पर्ने ( थोपा सिचाइ सेट, मल्चिङ पलाष्टिक लगायतका अन्य सामाग्री) वितरण कार्यक्रम | • टनेल माग गर्ने कृषक/व्यवसायिक कृषि फर्म/उद्यमि समुहले अनिवार्य रुपमा टनेलको लागी निर्माण गर्नु पर्ने आवश्यक संरचनाहरु तयार गरेको हुनु पर्नेछ ।<br>• न्युनतम १ रोपनी जग्गामा तरकारी खेती गरेको हुनु पर्ने । | • बजेटको परिधि भित्र रहि अधिकतम ७० प्रतिशत | • दोस्रो चरणको परियोजना अर्न्तगत मालारानी गाँउपालिकाका सवै वडामा गठन भएका युवा तथा उद्यमी महिला समुहमा आवद्ध समुह सदस्यहरु<br>• मल्चिङ पलाष्टिकको हकमा कम्तिमा २०० मि. मल्चिङ अनिवार्य माग गर्नु पर्नेछ । |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | खालि मौरी घार वितरण अनुमानित संख्या ११० वटा | • कम्तिमा २ घार मौरी पालन गरेको हुनु पर्ने | • बजेटको परिधि भित्र रहि अधिकतम ५० प्रतिशत | • दोस्रो चरणको परियोजना अर्न्तगत मालारानी गाँउपालिकाका सवै वडामा गठन भएका युवा तथा उद्यमी महिला समुहमा आवद्ध समुह सदस्यहरु |
| ४ | दुधालु गाई खरिदमा अनुदान (दुधालु गाईको संख्या: १५ मालारानी ५ र ७) | • कम्तिमा १ वटा दुधालु गाइ/भैसी पालेको हुनु पर्ने । | • बजेटको परिधि भित्र रहि कुल लागतको ५० प्रतिशत वा अधिकतम ५००००। सम्म । | • **सहभागी हुन सक्ने समुह तथा सहकारी:** मालारानी ५ र ७ मा परियोजना अर्न्तगत गठन भएका गाइ भैसी पालन समुहमा आवद्ध सदस्य र मालारानी दुग्ध सहकारी संस्थामा आवद्ध सदस्यहरु मात्र |

आवश्यक कागजातहरु:

१) निवेदन
२) नागरिकताको प्रतिलिपि
३) वडा कार्यालयको सिफारिस
४) कृषि सामाग्रीको हकमा जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको हकमा करार सम्झौता (कम्तिमा ५ वर्षको )
६) बाखाको खोर निर्माणमा अनुदान कार्यक्रमको हकमा यस भन्दा पहिले कुनै पनि निकायबाट सोहि प्रकृतिको अनुदान नलिएको स्वघोषणा ।

**(पुनश्च: रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागी समावेश नहुने व्यहोरा जानकारी गराइन्छ ।**

दिनेश बेल्वासे
परियोजना संयोजक

(आवश्यक थप जानकारीका लागि परियोजनाको कार्यालय वा सम्पर्क नं ९८४९७२५१७५ मा सम्पर्क गर्न सकिनेछ ।)

Scanned with CamScanner